Total No. of Printed Pages—7

**X/19/N (O)**

**2 0 1 9**

# NEPALI

( INDIAN LANGUAGE )

( Old Course )

**( COMPARTMENTAL CANDIDATES WITH INTERNAL ASSESSMENT )**

*Full Marks* : 80
*Pass Marks* : 24

**( NON-REGULAR, PRIVATE AND COMPARTMENTAL WITHOUT INTERNAL ASSESSMENT )**

*Full Marks* : 100
*Pass Marks* : 30

*Time* : 3 hours

*General Instructions* :

(i) The candidates are advised to attempt all questions accordingly.

(ii) Marks allocated to every question are indicated against each.

(iii) Question Nos. **1** to **13** are to be answered by **Compartmental candidates with Internal marks**.

(iv) Question Nos. **1** to **15** are to be answered by **Compartmental candidates without Internal marks/Non-Regular/Private candidates.**

**1.** थोरै शब्दहरूमा उत्तर लेख (कुनै **पाँच**) : 1×5=5

(क) 'माइतघर' उपन्यास कहाँको पृष्ठभूमिमा लेखिएको छ?

(ख) हरिको भनाइ-अनुसार सानी र उसलाई लोकले कुन रूपमा हेरेका छन्?

(ग) हरि कसको छोरो हो?

(घ) आँगनमा नाच्दै गरेको परेवालाई हरिले के गरेको थियो?

(ङ) रत्नाकी छोरीको नाउँ के हो?

(च) सानीको ससुरो कस्तो मानिस थियो?

(छ) रत्नालाई लक्ष्मीपूजाले केको याद गराउँछ?

**2.** सुबेदारनी र रत्ना को-को हुन्? तिनीहरूलाई कस्तो विपदले छोपेको थियो? वर्णन गर। 5

**अथवा**

सुबेदारनीले सानीलाई धेरै माया गर्नुको कारण के हो? बुझाएर लेख।

**3.** कुनै **दुई** प्रश्नहरूका उत्तर लेख : 7×2=14

(क) विदेशबाट आएको बासी स्याऊ भन्दा आफ्नो बगैंचामा फलेका ताजा नास्पाती के मीठा हुँदैनन् र? यस भनाइलाई तथ्यपूर्ण ढङ्गले व्याख्या गर।

(ख) सबै कुराले भरिपूर्ण हुँदाहुँदै पनि देवीरमण किन खिन्न थिए? 'नासो' कथाको आधारमा लेख।

(ग) 'चिठी' पाठमा लेखकले आफ्नो छात्रजीवनमा पाएका अनुभव आफ्ना भाइलाई कसरी दर्शाएका छन्? लेख।

**4.** छोटकरीमा उत्तर देऊ : 2×3=6

(क) कसले, कसको नासो कसलाई दिए?

(ख) शिक्षाका मुख्य मार्गहरू के-के हुन्?

(ग) कुखुरोको चल्लोले कसरी आफ्नो माउबाट चारो खान सिक्छ?

**5.** अति संक्षेपमा उत्तर देऊ (कुनै **पाँच**) : 1×5=5

(क) हरगोविन्द खुरानाका पिताको नाउँ के हो?

(ख) सुशीलले कसलाई आमा भन्थ्यो?

(ग) 'अल्झेको इच्छा' भन्दा के बुझिन्छ?

(घ) 'परिबन्द' पाठको मुख्य पात्र को हो?

(ङ) शिक्षा के हो?

(च) पारसमणि प्रधान पेशाले के हुनुहन्थ्यो?

(छ) 'चिठी' पाठ कसले लेखेका हुन्?

**6.** सप्रसंग व्याख्या गर (कुनै **एक**) : 5

(क) ''उनको यो खोजको सहायताले कुनै जीवित पदार्थबाट त्यस्तै अनेक जीवित पदार्थ तयार गर्न सकिन्छ।''

(ख) ''मानिसको पाण्डित्य अरूलाई उपदेश गर्नमा काम लाग्दछ, न कि आफूलाई परिआउँदा।''

(ग) ''परिबन्दले गर्दा चाइने चोर साधु, साधु चोर हुनसक्छ।''

**7.** कुनै **एउटा** कविताको सारांश लेख : 7

(क) 'गौंथलीको चिरिविरि'—लेखनाथ पौड्याल

(ख) 'गरीब'—लक्ष्मीप्रसाद देवकोटा

(ग) 'स्वीट फल्स'—गोपीनारायण प्रधान

**8.** संक्षेपमा उत्तर देऊ : 2×3=6

(क) 'सञ्चयरोग' भनेको कस्तो रोग हो? यो शब्द कुन पाठबाट लिएको हो?

(ख) 'गरीब' कवितामा कवि के लिइकन कहाँ-कहाँ घुमीवरी फर्कन्छन्?

(ग) 'अधिकार र कर्त्तव्य' कविता-अनुसार के जाग्दा के तर्केर किनार लाग्छ?

**9.** अति संक्षेपमा उत्तर देऊ (कुनै **पाँच**) : 1×5=5

(क) अपराध कसरी भाग्छ?

(ख) 'स्वीट फल्स'-मा कुन फूल फुल्दछ?

(ग) गरीबलाई के मीठो हुन्छ?

(घ) भानुभक्तको घर कहाँ थियो?

(ङ) पङ्चर भएको ट्यूबलाई कहाँ फ्याकिन्छ?

(च) 'सौरभ' र 'रहस्य' शब्दको अर्थ लेख।

(छ) 'अधिकार र कर्त्तव्य' कविता कसले लेखेका हुन्?

**10.** तल दिइएका उखानको अर्थ खोल : 1×3=3

(क) अभागीको आँटै गिलो

(ख) आज मऱ्यो भोलि ओखती

(ग) अचानाको पीर, अचानैले थाहा पाउँछ

**11.** (क) स्त्रीलिंग बनाऊ : ½+½=1

बालक ; पाठक।

(ख) सन्धि विच्छेद गर : ½+½=1

निर्धन ; महेश।

(ग) विशेषण बनाऊ : ½+½=1

धन ; दिन।

(घ) 'आगो' शब्दको कुनै दुईवटा पर्यायवाची शब्दहरू लेख। ½+½=1

(ङ) धातु र प्रत्यय छुट्याएर देखाऊ : ½+½=1

नौकरी ; हँसाइ।

(च) उल्टो अर्थ लेख : ½+½=1

उत्थान ; ग्रहण।

**12.** निम्नलिखित अनुच्छेद पढेर सोधिएका प्रश्नहरूको उत्तर लेख :

नेपाली साहित्यका प्रथम रोमान्टिक र प्रकृतिका कवि भानुभक्त हुन्। बालाज्यूमाथि रचित कविताबाट यस कुराको पुष्टि हुन्छ। तर यसमा पनि देशीय रागको ध्वनि स्पष्ट छ। भानुभक्तको अर्को विशेषता हो छन्द प्रयोगको। उनले दोहा, चौपाई, कविता आदिमा छिमेकी देशका छन्दको प्रयोग गरेनन्। बरु संस्कृत छन्दलाई धेरै जसो अतीव माधुर्य भरेर नेपाली बनाए। आफ्ना समकालीन कविहरूमध्ये सबभन्दा राम्रो मौलिकता भानुभक्तमैं थियो। उनी सर्वद्रष्टा भएकाले उनको दृष्टि बडो वैज्ञानिक थियो। गजाधर सोतीकी ब्राह्मणी र अरू विषयमा लेखिएका उनका कविताबाट उनी आशुकवि र प्रथम सामाजिक कवि हुन् भन्ने देखिन्छ। अड्डा-अदालतबारेको व्यङ्ग्यबाट उनको राजनीतिक कविरूप पनि स्पष्ट हुन्छ। उनको ध्येय शिष्ट व्यङ्ग्य हो।

(क) नेपालीका सर्वप्रथम रोमान्टिक र प्रकृतिका कवि को हुन्? 1

(ख) बालाज्यूमाथि रचित कविताले के कुराको पुष्टि गर्छ? 1

(ग) अड्डा-अदालतबारेको आक्षेपबाट के कुरा स्पष्ट हुन्छ? 1

(घ) उनको छन्दप्रयोगको विशेषता कस्तो छ? 1

(ङ) उनको लेखाइको उद्देश्य के हो? 1

**13.** निबन्ध लेख (कुनै **एक**) : 8

(क) समयको सदुपयोग

(ख) अनुशासन

(ग) कम्प्यूटर

(घ) पर्यावरण

(ङ) जीवनको उद्देश्य

**[ For Candidates without Internal Assessment ]**

**14.** अति संक्षेपमा उत्तर लेख : 1×10=10

(क) राष्ट्रभाषा भनेको के हो?

(ख) देवीरमणले किन अर्को बिहे गरे?

(ग) कल्पतरुको खोज भनेको कस्तो खोज हो?

(घ) कुन खोलाको पुलबाट सानी अपहत्ते गर्न चाहन्थी?

(ङ) 'कविप्रति' कविता कसले रचेका हुन्?

(च) पानी खुवाउने हुँदा रनेको जीउमा रगत कहाँ-कहाँ लाग्यो?

(छ) हरिले केको फित्कौली बनाएर कसलाई हान्थ्यो?

(ज) वंशावली भनेको के हो?

(झ) शिक्षाका कति मार्ग छन्?

(ञ) वसन्तराज जोशीद्वारा लिखित पाठको नाउँ के हो?

**15.** (क) कोष्ठबाट सही शब्द छानी वाक्य पूरा गर : 1×5=5

*(i)* रनेलाई (ताम्री/राम्री) खोलानेर पक्रेको हो।

*(ii)* सानीलाई डाक्टरले जरो नहटेसम्म (रोटी/भात) खानु हुँदैन भनेको थियो

*(iii)* डा० पारसमणि प्रधानको प्राथमिक शिक्षा (तादुङ्/पुदुङ) प्राथमिक पाठशालाबाट शुरू भएको हो।

*(iv)* (1960/1968) हरगोविन्द खुरानाको निम्ति स्मरणीय स्वर्णिम वर्ष हो।

*(v)* 'शिक्षाको उद्देश्य' पाठ (कथा/निबन्ध) हो।

(ख) खाली ठाउँ भर : 1×5=5

*(i)* क्रियाको विशेषता बुझाउने शब्दलाई ______ भनिन्छ।

*(ii)* 'माछा' ______ लिंग हो।

*(iii)* 'भानु'-को अर्थ ______ हो।

*(iv)* सुशीलले ______ लाई आमा भन्थ्यो।

*(v)* 'गरीब' कविता ______ लेखेका हुन्।

★★★